अनुसूची २

दफा १२ (१) सँग सम्बन्धित

## प्राविधिक प्रस्ताव फारम

तल उल्लेख गरिएका १ देखि ११ प्रश्नहरूको उत्तर दिने सँस्थाहरूमात्र आगामी प्रक्रियाका लागि छनौट हुन सक्नेछन् ।

| क.सं. | विषयवस्तु(**Content**) सन्दर्भ सङ्केत नम्वर : |
|---|---|
| १ | परियोजनाको शीर्षक:<br><br>छोटो रूपमा उल्लेख गर्नुहोस् (के, किन र कहिले गरिने छ ?) |
| | क. प्राविधिक प्रस्ताव |
| २ | **भूमिका र पुष्ट्याइँ**<br>२.१ यो परियोजना यहाँको कार्यक्षेत्र - जिल्ला, गा.पा./नपा, ग्रामीण बजारकेन्द्रमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारहरू वा पुष्ट्याईंका आधारहरू के-के हुन् ?<br>२.३ हाल के के लघुउद्यम व्यवसायहरू सञ्चालित छन् र जिल्ला, गा.पा./नपा र बजार क्षेत्रमा सम्भाव्य उद्यमहरू (श्रोतको उपलब्धता, लक्षित समुदायको चाहना वा रुची, बजारको माग) को अवस्था कस्तो छ ?<br>२.४ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरू के-के छन् ?<br>२.५ यो परियोजनाका लागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा) क-कस्को सहभागिता रह्यो ? लक्षित समुदाय (विशेषगरी महिला, विपन्न समुदायका सदस्यहरूलाई लघुउद्यमीका रूपमा विकास गर्नका लागि) को विचार के थियो ? |
| ३ | परियोजनाको उद्देश्यहरू (२.५ SMART सूचकहरू) निर्दिष्ट (specific), मापनयोग्य (measurable), प्राप्त गर्न सकिने (achievable), सान्दर्भिक ( relevant), समयसीमा (time-bound) अति गरिब र समावेशी लघुउद्यम विकासका लागि उद्देश्यहरू)<br>.... परियोजना के उपलब्धि गर्न चाहन्छ ? |
| ४ | लक्षित समूहहरू र उपभोक्ताहरू (beneficiaries)(..................वर्षमा)<br>जिल्ला : ............................................................ |

| ग्रामीण बजार केन्द्र | गा.पा./न.पा. | लघुउद्यमी समूह संख्या | सहकारीको संख्या | लघुउद्यमी समूह सङ्घको संख्या | श्रृजना गरिएको नयाँ उद्यमीहरूको संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

| ग्रामीण बजार केन्द्र | गा.पा./न.पा. | सिर्जना गरिएको नयाँ उद्यमीहरूको संख्या (कमजोर आर्थिक अवस्थाबाट) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | दलित | आदिवासी जनजाति | युवा | अन्य पछिपरेका मधेशीहरू | मुस्लिम |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | |
|---|---|
| ५ | परियोजनाको अवधि<br>.......... परियोजनाको सुरु र अन्तिम मिति |
| ६ | परियोजनाको तार्किक ढाँचा (Project Logical Framework) |

| सारांश | संख्यात्मक उद्देश्यमूलक रूपमा पुष्ट्याईंयोग्य सूचकहरू(**Objectively verifiable indicators – OVIs)** | गुणात्मक रूपमा जाँच गर्न सकिने सूचकहरू(**QVIs**) | पुष्ट्याईंका आधारहरू | जोखिमहरू र पूर्वानुमानहरू |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उद्देश्य (Purpose) | | | | |
| उपलब्धिहरू(Outputs)मेडेपा मोडेलका प्रत्येक सम्भागका लागि) | | | | |

| | | | | |
|---|---|---|---|---|
| | क्रियाकलापहरू | Inputs | | |
| | | | | |

प्रदेश नं. २

सचिव

**७** परियोजनाअन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरू (गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमको अति गरिब र समावेशी लघुउद्यम विकास मोडेलका सबै सम्भागहरू अवलम्बन गरेर)

| प्रत्येक उपलब्धि (Output) का लागि मुख्य क्रियाकलापहरू | समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने) | विधिहरू/तहहरू (कसरी कार्यान्वयन गर्ने) | सहयोगी संस्थाहरू |
|---|---|---|---|
| | | | |

**८** कार्यान्वयनको अवधारणा (approach)

८.१ परियोजनाका उपलब्धि (output)र परिणाम(outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

८.२ यो परियोजनाका कारण वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असरहरूबाट बच्न कसरी निश्चिन्त हुन सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरू अवलम्बन गर्न सकिन्छ ?

८.३ परियोजनाका सम्पूर्ण लक्ष्य (माथि उल्लिखित) अनुसारका क्रियाकलापहरूमा (मेडेप मोडेलका सम्पूर्ण सम्भागहरू), लघुउद्यमी समूह, लघुउद्यमी समूह सङ्घ र जिल्ला लघुउद्यमी समूह सङ्घका निर्णायक तहहरूमा महिला र बाहिर पारिएकाहरूले नेतृत्वगर्ने उद्यम व्यवसायहरूमा लैङ्गिक तथा सामाजिक समाबेशीकरणलाई कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.४ लघुउद्यमहरू स्थापना र विकासका लागि उद्यमीहरूको ऋणमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.५ मूल्यश्रृङ्खला पद्धति कसरी अवलम्बन गर्नुहुन्छ ?

८.६ उद्यमीहरू बिशेषगरी अशिक्षित महिला विपन्न समुदायमा उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.७ उद्यमीहरूको उपयुक्त प्रविधिमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.८ स्वस्थ र गुणस्तरयुक्त वस्तु उत्पादन, उत्पादित बस्तुको बजार सञ्जाल, वस्तु विकास (products development) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.९ गुणस्तरयुक्त सेवा प्रवाह (जस्तै तालिम, साझा सुविधा केन्द्र, ...) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

**९** अन्य सरोकारवालाहरूसँग सहकार्य तथा साझेदारी

- जिल्ला लघुउद्यमी समूह सङ्घहरूसित कसरी र के का लागि ?
- विषयगत निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- निजी क्षेत्रसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- अन्य सरोकारवाला निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)

**१०** **अनुगमन तथा मूल्याङ्कन**

१०.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?

१०.२ परियोजनाका गतिविधिहरूको उपलब्धि र परिणामहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.३ लघुउद्यमी समूह र लघुउद्यमीको तहमा प्रगति र सिकाइहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.४ प्रत्येक क्रियाकलाप/गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ?

१०.५ नियमित कार्य सम्पादन प्रतिवेदन कसरी तयार गर्नुहुन्छ र आगामी योजना तर्जुमा र नीतिगत प्रभाव पार्न यसलाई कसरी उपयोग गर्न सकिन्छ ?

देहायका अवस्थामा प्राविधिक प्रस्ताव स्विकार गरिने छैन :

क) सहभागीलाई खाजा खर्च वापत दैनिक रु. १०० भन्दा कम प्रस्ताव गरेमा ।

ख) तालिम प्राप्त गर्न बास बस्नु पर्ने जुनसुकै सहभागिको हकमा निर्वाह भत्ता वापत दैनिक रु. "रु. ३५०" भन्दा कम प्रस्ताव गरेमा ।

ग) उद्यम विकास सहजकर्ताको प्रारिश्रमिक मासिक न्युनतम रु. १८,००० भन्दा कम प्रस्ताव गरेमा ।

अनुसूची ३

दफा १२ (१) सँग सम्बन्धित

## वित्तीय प्रस्ताव फारम

तल उल्लेख गरिएका प्रश्नहरूको उत्तर दिनेसंस्थाहरू मात्र आगामी प्रक्रियाका लागि छनौट हुनेछन् ।

### वित्तीय प्रस्ताव

१२ मेडपाबाट अनुरोध गरिएको कुल वित्तीय सहयोग

| प्रस्तावित क्रियाकलापहरू | समयसीमा (२०........) | | मेडपाको योगदान (रु.) | अन्य संघ/संस्थाको योगदान (रु.) | आवेदन गर्ने संस्थाको योगदान (रु.) | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| उपलब्धि (Output)१<br>सामाजिक परिचालन : | | | | | | |
| क्रियाकलाप १.१ | | | | | | |
| क्रियाकलाप १.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपब्धि (Output) २<br>उद्यमशीलता विकास तालिम : | | | | | | |
| क्रियाकलाप २.१ | | | | | | |
| क्रियाकलाप २.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपलब्धि (Output) ३<br>प्राविधिक सीप विकास तालिम : | | | | | | |
| क्रियाकलाप ३.१ | | | | | | |
| क्रियाकलाप ३.२ | | | | | | |
| क्रियाकलाप ३.३ | | | | | | |
| उपलब्धि (output) ४<br>लघु कर्जामा पहुँच : | | | | | | |
| क्रियाकलाप ४.१ | | | | | | |
| क्रियाकलाप ४.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपलब्धि (Output)५<br>उपयुक्त प्रविधि हस्तान्तरण तथा सम्वन्धन विकास : | | | | | | |
| क्रियाकलाप ५.१ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप ५.२ | | | | | | |
| | उपजम्मा (Subtotal) | | | | | | |
| | उपलब्धि (Output) ६ | | | | | | |
| | **वजारीकरण तथा परामर्श सेवा :** | | | | | | |
| | क्रियाकलाप ६.१ | | | | | | |
| | क्रियाकलाप ६.२ | | | | | | |
| | उपजम्मा (Subtotal) | | | | | | |
| | **जनशक्ति व्यवस्थापन लागत :** | | | | | | |
| | १ | | | | | | |
| | २ | | | | | | |
| | ३ | | | | | | |
| | **अन्य** | | | | | | |
| | १ | | | | | | |
| | शीर्षभार (overhead) | | | | | | |
| | **जम्मा** | | | | | | |
| | मूल्य अभिवृद्धि कर | | | | | | |
| | **कुल जम्मा** | | | | | | |

मनासिब प्रशासनिक लागत (शीर्षभार खर्च) समावेश गर्नुपर्नेछ जुन सिलसिलेवार रूपमा उल्लेख गरिएको (itemized) र जवाफदेहिताका लागि आवश्यक हुनेछ । शीर्षभार कुल कार्यक्रम खर्चको १५ प्रतिशतभन्दा कम हुनुपर्ने छ र कर्मचारीको तलव र दैनिक भ्रमणभत्ता हटाएर औचित्य पुष्ट्याइ गर्न आवश्यक छ ।

शीर्षभार खर्चमा निम्नकुराहरू समावेश हुनसक्नेछन् :

क) प्रशासनिक र वित्त

ख) कम्प्युटर

ग) कार्यालय भाडा, कार्यालय सामग्री, फर्निचर

घ) हुलाक तथा सञ्चार, आदि ।

शीर्षभार उपयोग योजनासमेत उल्लेख गर्न आवश्यक छ। शीर्षभार उपयोग योजनाबिनाको प्रस्ताव अमान्य हुनेछ ।

कुल बजेट समग्रमा निम्न कुराहरूमा आधारित हुनेछ :

क) नयाँ उद्यमी श्रृजनाको संख्या,

ख) प्रतिउद्यमी श्रृजना लागत खर्च[1]

ग) ५ देखि १० प्रतिशत कम भुक्तानी (समावेशी तथा लैंगिक उद्यमी विवरणका आधारमा)[2]

प्राविधिक तालिम उद्यमीहरूको मागअनुसार प्रस्ताव गरिएभन्दा बढी समय र लागत लाग्ने भएमा यसका लागि उपकरारमा संशोधनमार्फत वा छनौट गरिएका प्राविधिक सीप प्रशिक्षकहरूसँग सोझै सम्झौता गरी गरिनेछ । विभिन्न सहयोगी सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानीय निकायहरू, निजीक्षेत्रबाट लागत योगदानको अवस्थाका आधारमा अति विपन्न आर्थिक अवस्थाका लघुउद्यमीहरूलाई साझा सुविधा केन्द्रका लागि सोझै वित्तीय सहयोग उपलब्ध गराइनेछ ।